संघीय संसद

राष्ट्रिय सभा

चौधौं अधिवेशन

बैठक-२६

सूचनापत्र-२

(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : ११:०१ बजे*
*बैठक स्थगित : ४:२१ बजे*

२०८० असार २६ गते, मङ्गलवार

संघीय संसद, राष्ट्रिय सभाको चौधौं अधिवेशनको छब्बीसौं बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा बिहान ११:०१ बजे प्रारम्भ भयो।

सर्वप्रथम, सम्माननीय अध्यक्षले शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै देहाय बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो:

**माननीय गोमा देवी तिमल्सिना**ले बाढी पहिरोको कारण नारायणगढ मुग्लिन सडकखण्डमा वर्षेनी समस्या आइरहने हुँदा यसको दीर्घकालीन समाधानको लागि सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय तुल प्रसाद विश्वकर्मा**ले देशव्यापी रुपमा घटिरहेका दलितहरूमाथिका उत्पीडन र हिंसाका घटनामा सरकारको ध्यानाकर्षण गराउनुहुँदै पीडितले अनुभुत गर्ने गरी न्याय निरुपण गर्न सरकारसमक्ष माग गर्नुभयो।

**माननीय दुर्गा गुरुङ**ले वीरेन्द्रनगर सुर्खेतमा खानेपानीको समस्या समाधानका लागि सरकार समक्ष माग गर्नुभयो।

**माननीय नारायण दत्त मिश्र**ले सरकारले किसानहरूका लागि पर्याप्त मल पुर्याउन नसकेको तर किसानहरूले आफै भारतबाट खरिद गरेर ल्याएको मल पनि प्रहरीले खोस्ने परिपाटीले किसानहरूलाई दु:ख भएको बताउनुभयो।

**माननीय नारायण प्रसाद दाहाल**ले वि.सं. २०२६ सालमा नेपालकै उत्कृष्ट भनेर चिनिएको खगेरी सिँचाई आयोजना र नारायणीको लिफ्ट सिँचाई योजना पनि बन्द रहेकोले चितवनका खेतहरूमा रोपाईं हुन नसकेकोमा सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय भुवन बहादुर सुनार**ले आरक्षणको व्यवस्थाले निजामति सेवामा दलितहरूको उपस्थिति बढ्दै गइरहेको तर पछिल्लो समय आरक्षणको पुनर्मूल्याङ्कन गरिनुपर्ने कुरामा सरकारी निकायले गलत तर्क गरिरहेको बताउनुहुँदै सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुभयो।

**माननीय मदन कुमारी शाह (गरिमा)** ले राष्ट्रियताको विकासका लागि आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्नका लागि सार्वजनिक संस्था, नेपाली सेना, नेपाल प्रहरीले नेपालकै उत्पादन प्रयोग गरोस् भनी सरकार समक्ष माग गर्नुभयो।

**माननीय सुरेश कुमार आलेमगर**ले राष्ट्रिय तथ्याङ्क विभागले केही जातिहरूलाई मगर जातीबाट पुनलाई र नेवार जातीबाट मालीलाई फुटाउने कार्य गरेको बताउनुहुँदै यसलाई सच्याउन माग गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **"विद्युतीय व्यापार विधेयक, २०८०"** माथि राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ९९ बमोजिम कुनै पनि माननीय सदस्यबाट विरोधको सूचना प्राप्त नभएको जानकारी गराउनुहुँदै **माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजाललाई "विद्युतीय व्यापार विधेयक, २०८०"** सभा समक्ष पेस गर्न अनुमति दिनुहुँदा माननीय मन्त्रीले उक्त विधेयक सभा समक्ष पेस गर्नुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विनियोजन विधेयक, २०८० का विभिन्न शीर्षकहरू माथिको छलफल जारी रहेको जानकारी गराउनुहुँदै **स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, परराष्ट्र मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय, खानेपानी मन्त्रालय, अर्थ मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय, राष्ट्रिय योजना आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, उपराष्ट्रपतिको कार्यालय र राष्ट्रपतिको कार्यालय** सम्बन्धी विनियोजन शिर्षकहरूमाथि छलफल हुने व्यहोरा जानकारी गराउनुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले विनियोजन शीर्षकहरूमाथि राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३४ बमोजिम **माननीय दिल कुमारी रावल थापा (पार्वती), माननीय रामचन्द्र राई, माननीय भैरव सुन्दर श्रेष्ठ, माननीय विमला घिमिरे, माननीय दिपा गुरुङ्ग, माननीय इन्दु कडरिया, माननीय भगवती न्यौपाने, माननीय कुमार दसौदी र माननीय डा. विमला राई पौड्याल**बाट खर्च कटौतीका प्रस्तावहरू प्राप्त हुन आएको जानकारी गराउनुहुँदै देहाय बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

१. मा. दिल कुमारी रावल थापा (पार्वती)
२. मा. रामचन्द्र राई
३. मा. भैरव सुन्दर श्रेष्ठ
४. मा. विमला घिमिरे
५. मा. तुलसा कुमारी दाहाल (मा. दिपा गुरुङको तर्फबाट)
६. मा. इन्दु कडरिया
७. मा. भगवती न्यौपाने
८. मा. कुमार दसौदी
९. मा. डा. विमला राई पौड्याल
१०. मा. तारामान स्वाँर
११. मा. दुर्गा गुरुङ
१२. मा. जयन्ती देवी राई
१३. मा. शेखर कुमार सिंह
१४. मा. तुल प्रसाद विश्वकर्मा
१५. मा. नारायण प्रसाद दाहाल
१६. मा. गोपी बहादुर सार्की आछामी
१७. मा. गोपाल कुमार बस्नेत
१८. मा. सिंह बहादुर विश्वकर्मा
१९. मा. हरि राम चौधरी
२०. मा. जितेन्द्र नारायण देव
२१. मा. गोमा देवी तिमल्सिना
२२. मा. विना पोखरेल
२३. मा. मदन कुमारी शाह (गरिमा)
२४. मा. नर बहादुर विष्ट
२५. मा. रमेश जंग रायमाझी
२६. मा. देवेन्द्र दाहाल
२७. मा. राधेश्याम पासवान

त्यसपछि, सम्माननीय अध्यक्षले विनियोजन विधेयक, २०८० अन्तर्गत **स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, परराष्ट्र मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय, खानेपानी मन्त्रालय, अर्थ मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय, राष्ट्रिय योजना आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, उपराष्ट्रपतिको**

**कार्यालय र राष्ट्रपतिको कार्यालय**सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको आगामी बैठकमा विनियोजन विधेयक, २०८० अन्तर्गत **वन तथा वातावरण मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय, सहरी विकास मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, परराष्ट्र मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय, खानेपानी मन्त्रालय, अर्थ मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय, राष्ट्रिय योजना आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, उपराष्ट्रपतिको कार्यालय र राष्ट्रपतिको कार्यालयका** विभिन्न शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ सम्बन्धित माननीय मन्त्रीहरूले दिनुहुने व्यहोरा जानकारी गराउनुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाका पूर्व सदस्य लालकाजी गुरुङको निधन भएकोमा निम्न लिखित शोक प्रस्ताव प्रस्तुत गर्नुभयो।

> "राष्ट्रिय सभाका पूर्व सदस्य लालकाजी गुरुङको मिति २०८० साल असार २३ गते शनिबार ८३ वर्षको उमेरमा असामयिक निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ।
>
> स्वर्गीय गुरूङ वि.सं. २०४८ सालमा नेपाली कांग्रेसबाट राष्ट्रिय सभा सदस्यमा निर्वाचित हुनुहुन्थ्यो।
>
> यो बैठक स्वर्गीय लालकाजी गुरुङप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक-सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछ।"

तत्पश्चात्, सम्माननीय अध्यक्षले उपरोक्त शोक प्रस्तावलाई पारित गरिदिनु हुन अनुरोध गर्नुहुँदा सभाबाट सर्वसम्मतिले पारित भयो।

त्यसपछि, सभाले राष्ट्रिय सभाका पूर्व सदस्य लालकाजी गुरुङको निधनप्रति शोक व्यक्त गर्न उठेर १ मिनेट मौन धारण गर्‍यो।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक **२०८० साल असार २७ गते बुधबार बिहान ११ बजेर १ मिनेटमा** बस्ने गरी यो बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(डा. भरतराज गौतम)
संघीय संसदको महासचिव